कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

४ नं. प्रदेश, नेपाल ।

## IT Officer भर्ना सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७४/११/०३

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय ईकाई, सिंहदरवार काठमाडौको प.सं. ०७४/७५, च.नं. १२७, मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको करार सेवा सम्वन्धको पत्रानुसार यस नगरपालिकाको लागि देहाय वमोजिमको शर्तहरुको अधिनमा रही सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले ईच्छुक उम्मेदवारले यस नगरपालिका कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

१ आवेदन दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा ।

२ माग संख्याः १ (एक) ।

३ शैक्षिक योग्यताः लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थावाट Computer वा Information & Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc IT, BSc CIST) गरेको उपाधिलाई आधार मान्ने ।

४ सूचना प्रविधि अधिकृतको कार्य शर्त विवरण (TOR): २०७४/०३/२८ गतेको स्वीकृत सचिव स्तरीय निर्णयमा उल्लेख भए वमोजिम ।

५ संलग्न गर्नुपर्ने कागजातहरुः ब्यक्तिगत विवरण (BIO-DATA), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु ।

६ आवेदन दिने तरिकाः बुँदा नं. ५ मा उल्लेख भएका कागजातहरु एवं बुँदा नं. ७ मा तोकिएको शुल्क नेपाल बैंक लिमिटेड कुश्मा शाखामा यस कार्यालयको नाममा रहेको स्थानीय संचित कोष खाता नं. ०६६०३०००००००४००१०६३ मा जम्मा गरी जम्मा गरेको भौचर संलग्न राखी हुलाक, ईमेल वा स्वयं उपस्थित भई आवेदन दिने ।

७ आवेदन शुल्क रु. १०००।- (एक हजार रुपैयाँ मात्र) ।

८ उम्मेदवारको छनौटका आधारहरु देहाय वमोजिम हुनेछन ।

| क.सं. | सूचकहरु | | पुर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | अंक अंकित स्तर निर्धारण पद्दति भएका विश्व विद्यालयको हकमा | ३० |
| क | | ८०% वा सो भन्दा माथि | ३० |
| ख | | ६५ % देखि ७९.९९% सम्म | २४ |
| ग | | ५५ % देखि ६४.९९% सम्म | १८ |
| घ | | ५५% भन्दा कम | १२ |
| | अक्षर अंकित स्तर निर्धारण पद्दति अनुसार (Letter Grading System) भएका विश्वविद्यालयको हकमा | | ३० |
| क | | ३.५ देखि ४.० सम्म | ३० |
| ख | | ३ देखि ३.५ भन्दा कम | २४ |
| ग | | २.५ देखि ३ भन्दा कम | १८ |
| घ | | अन्य | १२ |
| २ | कार्य अनुभव (सूचना अनुसारको न्युनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | | ४० |
| क | | २ वर्ष भन्दा माथि सरकारी निकायमा IT क्षेत्रमा काम गरेको | ४० |
| ख | | १ वर्ष भन्दा माथि | ३० |
| ग | | १ वर्ष सम्म | २० |
| घ | | कार्य अनुभव नभएको | १२ |
| ३ | उम्मेदवारको स्थायी ठेगाना सम्वन्धी | | २० |
| क | | स्थायी ठेगाना सम्वन्धित स्थानीय तहमा भए | २० |
| ख | | स्थायी ठेगाना सम्वन्धित स्थानीय तहको जिल्लामा भए | १६ |
| ग | | स्थायी ठेगाना सम्वन्धित स्थानीय तहको प्रदेशमा भए | १२ |
| घ | | अन्य | ८ |
| ४ | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको भएमा | | १० |

९ तलव स्केलः स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोके वमोजिम रु. ४०,०००।- (रुपैया चालिस हजार मात्र) ।

१० करार अवधिः २०७५ असार मसान्त सम्म ।

११ थप जानकारीको लागि ०६७-४२०१४१, kushmamun.gov.np, info@kushmamun.gov.np, kushmamun@gmail.com मा सम्पर्क गर्नुहोला ।

१२ सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

सुवास कुमार लामिछाने
प्रमुख प्रशासकीय अधिकृत